# आर्थिक वर्ष २०८३/०८४ को

# नीति,कार्यक्रम तथा बजेट

## शिवसताक्षी नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

### व्याङ्गडाँडा, झापा

**Shivasatakshi Municipality**

**Office of the Municipality Executive**

**Bangdada,Jhapa**

# उप-प्रमुख श्री नरमाया कार्कीद्वारा नगरसभामा प्रस्तुत आ.व. २०८३/०८४ को नीति, कार्यक्रम तथा वजेट

**शिवसताक्षी नगरपालिकाको नगरसभाको अठारौ अधिवेशनको अध्यक्षता गरिरहनु भएका सभाध्यक्ष श्रद्धेय नगर प्रमुख  मेगाहाङ्ग थोप्रा (रोशन) ज्यू,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**सम्पूर्ण नगरसभा सदस्य ज्यूहरु,**
**राष्ट्रसेवक कर्मचारीहरु,**
**शिक्षक, प्रत्रकार, नगरप्रहरी तथा सम्पूर्ण नगरवासी, आमावुवा, दाजुभाई दिदीबहिनीहरु**

शिवसताक्षी नगरपालिकाको नगरसभाको यस अठारौ अधिवेशनमा हार्दिक स्वागत गर्दछु । शिवसताक्षी नगरपलिकाको नगरसभाको यस गरिमामय बैठकमा नगर उप-प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागको छ । यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता तथा समानता, लोकतन्त्र स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डहरुमा भएका राजनीतिक क्रान्ति,जन आन्दोलन लगायत विभिन्न परिवर्तनकारी आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

दोस्रो स्थानीय तहको निर्वाचन २०७९ वाट निर्वाचित भई हामीले कार्यभार सम्हालेको चार वर्ष पुरा भईसकेको छ । यस अवधिमा नगरको विकाश, सुव्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुरगामी र महत्वपुर्ण प्रभाव पार्ने कार्यको थालनी भएको छ । यस कार्यमा नगरवासी तथा सरोकारवाला निकायवाट भएको सहयोग, सहकार्य र समन्वयको लागि शिवसताक्षी नगरपालिका धन्यवाद ज्ञापन गर्दछ ।

चार वर्षे कार्यकालमा शिवसताक्षी नगरपालिकाले स्थानीय सरकारको हैसियतबाट विभिन्न संरचनागत, नीतिगत, कानुनी, प्रशासनिक तथा व्यवस्थापकिय कार्य सम्पादन गरेको छ । मूलतः यस अवधिमा विगतदेखि सञ्चालित योजनाहरु मध्ये नगर गौरव र नगरवासीका लागि महत्वपूर्ण एवम् आवश्यक कार्यक्रमको निरन्तरता र सो को शीघ्र सम्पन्नता गर्ने कुरालाई जोड दिएका छौ।

अब म माथि उल्लेखित प्रथम आवधिक योजनाका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्न आधार वर्षका रुपमा ल्याईएको आ.व.२०८२/०८३ को नीति कार्यक्रम तथा वजेट तथा सो को हालसम्मको प्रगतिको संक्षिप्त समिक्षा गर्ने अनुमति चाहान्छु ।

आर्थिक विकास सम्वन्धी नीति तथा कार्यक्रम अन्तर्गत कृषि तथा पशु विकासका लागि **शिवगंज कृषि थोक बजार निर्माण भई दक्षिण पट्टिको संरचनामा बजार संचालनमा रहेको तथा उत्तर पट्टीको भाग चिस्यान केन्द्र समेत निर्माण भई बाँकि भौतिक पूर्वाधार निर्माणको कार्य अन्तिम चरणमा रहेको छ ।** कृषि उत्पादन संरक्षणको लागि वडा नं ७ मा यसै आर्थिक **वर्षमा निजी क्षेत्रसँगको सहकार्यमा खाद्यान्न सुकाउने ड्रायर**

**मेशिनको** स्थापना भई तिव्र गतिमा अघि वढेको छ ।**वास्नाधार कालो नुनिया धान प्रवर्द्धन कार्यक्रम संचालन तथा रैथाने खाधान्न वाली संरक्षण** कार्यक्रमका लागि कृषकलाई अनुदान वितरण गरिएको छ ।धानको न्यूनतम समर्थन मूल्य प्राप्त गर्नको लागि नीजि क्षेत्रसंग समन्वय गरिएको छ।एक समूह एक उत्पादन कार्यक्रम अन्तरगत ५ वटा समूहहरुलाई व्यवसायिक मकै उत्पादनका लागि आवश्यक मल विउ तथा अन्य उपकरणहरुमा सहयोग गरिएको छ । युवा लक्षित कृषि विकास कार्यक्रम अन्तरगत १० वटा कृषि फर्महरुलाई च्याउ, मह तथा तरकारी उत्पादनका लागि अनुदानको व्यवस्था गरिएको छ । त्यसैगरी पशु सेवा तर्फ सामुदायिक कुकुर बन्ध्याकरण क्याम्प झिलझिले र चन्द्रडाँगीमा संचालन गरिएको छ ।गाई भैसीमा लम्पि स्किन रोग विरुद्ध खोप ५३५० वटा र कुकुर तथा पशुपंक्षीमा रेविज रोग विरुद्ध खोप १००० वटा, खोरेत, पिपिआर,स्वाईन फिबर खोप ४३७४० वटा पशुपंक्षीमा लगाई सकिएको छ । दुहुना गाई र भैसीको लागि पोषणयुक्त आहारा ४३० वटा सेट खरिद गरी वितरण गरिएको छ ।पशु सेवा केन्द्र नभएका वडाहरुमा १ दिने पशु स्वास्थ शिविर संचालन गरिएको छ ।घाँसको विउ वितरण, नयाँ पोखरी निर्माणको लागि अनुदान र एक दिने वडास्तरीय पशुपालन तालिमहरु संचालन गरिएको छ ।

**पर्यटन नीति अन्तर्गत** यस नगरपालिकालाई प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सतासीधाम धार्मिक तथा पर्यटकिय क्षेत्र, दोमुखा पर्यटकीय क्षेत्र चिल्लागढ ऐतिहासिक तथा धार्मिक स्थल निर्माण तथा विकास कार्यले निरन्तरता पाएको छ ।वृजेश्वर शिवालय मन्दिर शिवगंजमा थप भौतिक पूर्वाधार निर्माणको कार्य सम्पन्न गरिएको छ। यसले गर्दा दोमुखा लगायतका पर्यटकीय क्षेत्रमा पर्यटकहरुको आगमनमा उल्लेख्य वृद्धि भएको छ ।**सहकारी नीति तथा कार्यक्रम अन्तर्गत** सहकारीको मर्म र उद्देश्य अनुसार सहकारी संस्थाहरुको विकासका लागि सहकारी सस्थाको क्षमता विकास तालिमको व्यवस्था प्रदान गरिएको छ ।

सामाजिक विकास सम्वन्धी नीति तथा कार्यक्रम अन्तर्गत कर्मचारी तथा युवाहरुको लागि AI तालिम, बार टेण्डर तालिम, बारिष्टा तालिम, लोक सेवा तयारी कक्षा तालिम, लागु औषध विरुद्धको सचेतना तालिम, मोटर ड्राइभिङ्ग तालिम आदिजस्ता तालिमहरु संचालन गरी ५५१ जना लाभान्वित भएका छन् । जेष्ठ नागरिकहरुको लागि अवलोकन भ्रमण, महिलाहरुको लागि स्वास्थ शिविर दुई स्थानमा, महिलाहरुका लागि प्रस्ताव र प्रतिवेदन लेखन, उदघोषण तालिम सम्पन्न भएको छ ।

**शिक्षा तर्फ नगर स्मार्ट विधालय निर्माण** कार्य प्राथमिकताका साथ अघि वढेको छ। सवै सामुदायिक विद्यालयहरुमा शिक्षक कर्मचारीका लागि अनिवार्य E-attendance को पूर्वाधार तयार गरी नगरवाटै अनुगमन गर्ने व्यवस्था मिलाईएको छ।जेहेन्दार विद्यार्थीलाई छात्रवृति दिईएको छ भने दिवा खाजाको ब्यवस्थापन र गुणस्तरमा ध्यान दिईएको छ ।बालविकास शिक्षकहरुलाई मन्टेश्वरी तालिम सम्पन्न भएको छ ।राष्ट्रपति रनिङ्ग शिल्ड र नगर स्तरीय मेयर कप पनि सम्पन्न भएको छ । शिवसताक्षी नगरपालिकाको

SEE नतिजामा उल्लेख्य सुधार भएको छ । अतिरिक्त क्रियाकलाप अन्तरगत जिल्लास्तरीय हाजिरी जवाफ प्रतियोगितामा शिवसताक्षी नगरपालिकाले उत्कृष्ट स्थान हासिल गरेको छ ।

स्वास्थ्य तर्फ १५ शैयाको आधारभूत अस्पताल शिवगञ्ज भवन निर्माण सम्पन्न भई संचालनको तयारीमा रहेको छ भने वडा नं. ४ अन्तर्गत बुलुचौकमा स्वास्थ्य चौकि निर्माण सम्पन्न भई सेवा प्रवाह संचालन प्रारम्भ गरिएको छ । नगर पूर्ण खोप घोषणा कार्यक्रमलाइ निरन्तरता दिइएको छ ।नगरपालिका अन्तर्गतको कक्षा छ मा अध्ययनरत सम्पूर्ण छात्राहरुलाई क्यान्सरको भ्याक्सिन नियमित खोप कार्यक्रम सञ्चालन गरिएको छ । नगर क्षेत्र भित्रका विपन्न ब्यक्तिहरुलाई क्यान्सर, मुटु, मृगौला रोगको उपचार सहयोग वापतको मासिक पाँच हजारका दरले जेष्ठ मसान्तसम्म २२५ जनालाई रकम हस्तान्तरण गरिएको छ ।विपन्न स्वास्थ्य सहयोग कार्यक्रमबाट नगरपालिकाको विपन्न नागरिकलाइ स्वास्थ्य उपचार बापत जेष्ठ मसान्त सम्म १६१ जनालाई रकम वितरण भएको छ । वडाहरुबाट समेत अति विपन्न **सुत्केरी पोषण कार्यक्रम** संचालन भएको छ । स्वास्थ्यको लागि **योग अभ्यास** र योग शिविर संचालन गरिएको छ ।**मंगलवारे स्वास्थ चौकी**लाई ल्याव सेवा सहित नयाँ भवनमा संचालन शुरु भएको छ ।पाँच बर्ष मुनिका बालबालिकाहरुको बृहत् स्वास्थ्य लेखाजोखा गरी कुपोषण पहिचान तथा व्यवस्थापन गरिएको छ ।३० वर्ष उमेर समूह माथिका १००० मानिसहरुमा मुख्य नसर्ने रोगहरु उच्च रक्तचाप,मधुमेह,मृगौला रोग तथा मोटोपनाको पहिचान गरि उपचार,परामर्श तथा प्रेषण गरिएको छ ।३० वर्ष माथिका महिलाहरुमा प्रजनन् रुग्णता(आङ खस्ने समस्या,पाठेघरको मुखको क्यान्सर,स्तन क्यान्सर)सम्बन्धि विषेशज्ञ चिकित्सकको सहयोगमा निशुल्क शिविर सञ्चालन भएको छ ।

त्यसैगरी विभिन्न जातजाति तथा जनजाति समुदायहरुको **मौलिक परम्परा र भाषा संस्कृतिको जगेर्ना** तथा धार्मिक साँस्कृतिक तथा ऐतिहासिक रुपमा महत्वपूर्ण मठ,मन्दिर,गुम्बा आदिको संरक्षण,सम्बर्धन र प्रवर्धनका लागि नगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराएको छ ।लैंगिक हिंसा विरुद्धको १५ दिने अभियान मार्फत महिलाहरुलाई सशक्तीकरण तथा मूलप्रवाहीकरणमा ल्याउने प्रयास गरिएको छ ।**उपमेयरसँग महिला** शसक्तिकरण कार्यक्रम संचालन भईरहेको छ। जनताको माग र आवश्यकतालाई ध्यानमा राखि मन्त्रालयसँगको आवश्यक सहयोग र समन्वयमा नगरपालिकाबाट यहि असार ३ गतेबाट जग्गा रजिष्ट्रेशन पास ,कित्ता काट लगायतका सम्पूर्ण कार्यको शुरुवात गरिएको छ ।

**भौतिक पूर्वाधार विकास** सम्वन्धी नीति तथा कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको हालसम्म सशर्त अनुदान, विशेष अनुदान, समपुरक अनुदानका भौतिक पूर्वाधार आयोजनाहरु तथा नगर गौरव, वडा गौरव र विषयगत शाखा गरी ४० वटा योजनाहरु यसै आर्थिक वर्षमा नै ठेक्का मार्फत सम्पन्न हुने क्रममा रहेको छ । नगर रिंगरोडको बाँकी कालो पत्रे कार्य वडा नं १, २, ३, ४, ९ र १० (प्रथम र दोस्रो ठेक्का) गरी ७ कि.मी. कालोपत्रेको लागि बेस हाल्ने कार्य सम्पन्न भई कालोपत्रे गर्न तयारी अवस्थामा रहेको छ । नगरपालिका कार्यालय जोडने दुधे शिवगंज सडक चौडा सहित ६७० मीटर कालोपत्रे, वडा नं. ४ साहु टोल जाने वाटो ४०० मी, वडा नं. ८ वुद्ध चौक दक्षिण बाटो ३२० मी., वडा नं. १० टेक्रा रोड

३००मी. कालोपत्रे कार्य सम्पन्न भएको छ । कमल पुल पश्चिम मोती मा.वि.सम्म सडक कालोपत्रे र धरमपुर दक्षिण पश्चिम माझी गाउँ हाईस्कूल सडक कालोपत्रे कार्य सम्पन्न भएको छ।नगरपालिकाको प्रशासनिक भवन निर्माणको काम सम्पन्न गरी उक्त भवनवाट सेवा प्रवाह भईरहेको र नगरपालिका प्राङ्गण सौन्दर्यिकरणको कार्य भइरहेको छ। त्यसैगरी सतासी खोलामा कल्भर्ट वडा नं. ११ र ८, झरना खोला कल्भर्ट वडा नं. ९ सम्पन्न भएको छ । आधारभूत स्वास्थ केन्द्र भवन वडा नं. ३, , महिला सामुदायिक भवन निर्माण वडा नं ३ निर्माण कार्य सम्पन्न भएको छ । दुधे शिवगंज सडकमा ड्रेन निर्माण लगायत विभिन्न वडामा गरी ४०० मी. ड्रेन निर्माण कार्य सम्पन्न गरिएको छ । नमुना विधालय जन आदर्श मावि शिवगंज, कृषि थोक बजार शिवगंज निरन्तरता कार्य, माईधार स्थित सरस्वती कन्या गुरुकुल भवन पूर्वाधार निर्माण आदि योजनाहरुको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । त्यस्तै वडा गौरवका भौतिक पूर्वाधारका कार्यहरु ठेक्का मार्फत यसै आर्थिक वर्षमा सम्पन्न गर्ने गरी समेत तीव्र रुपमा अघि वढाईएको छ ।हालसम्म ५०४८ मी. ग्राभेल, ४२ वटा भवन तथा मन्दिर, ७ वटा पुल कल्भर्ट, ९ वटा तटवन्धन र ३ वटा खानेपानीका योजनाहरु सम्पन्न गरिएको छ ।

फोहरमैला व्यवस्थापनका लागि निजी क्षेत्रसँग सम्झौता गरी फोहरमैला व्यवस्थापनमा नीजि क्षेत्रलाई सहभागी गराईएको छ । जोखिम न्यूनिकरण गर्न विपद व्यवस्थापन कोषको परिचालन गरिएको छ । नगर क्षेत्रका नदी तथा खोलाहरुमा स-साना तटबन्धनहरु निर्माण भएका छन् ।रेडक्रस लगायत अन्य निकायसँग समन्वय गरी जोखिम क्षेत्रहरु पहिचान गर्दै उक्त क्षेत्रहरुमा जोखिम न्यूनिकरण सचेतना कार्यक्रम संचालन गरिएको छ ।नगरमा **वारुण यन्त्र दमकलको सेवालाई थप प्रभावकारी** वनाइएको छ भने विपन्न विपद् पिडितलाई तत्काल राहतको ब्यवस्था मिलाईएको छ । साझेदार निकायसँग सहकार्य गरी विपद् व्यवस्थापन सूचना प्रणाली लागू गरिएको छ ।
सुशासन तथा संस्थागत विकासका नीति तथा कार्यक्रम अन्तर्गत सार्वजनिक खरिद प्रणालीलाई विद्युतीय खरिद प्रणालीको अवलम्वन गरी थप पारदर्शी एवमं मितव्ययी बनाईएको छ।योजना संचालन, फरफारक जस्ता विषयलाई समयमै सम्पन्न गरिंदै आएको छ ।कर प्रणाली चुस्त र पारदर्शी बनाउँदै आन्तरिक राजस्व परिचालन क्षमता विस्तरमा ध्यान दिईएको छ ।**आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नमा विशेष पहल गरिएको छ ।**आवश्यकताका आधारमा विभिन्न कार्यविधि, मापदण्ड तथा निर्देशिकाहरु जारी गरिएको छ ।वडास्तरीय मेलमिलाप समिति तथा न्यायिक समिति सम्म नागरिकको सरल र सहज पहुँच वनाईको छ ।कर्मचारीहरुलाई काम प्रति प्रोत्साहित गर्न कर्मचारी वीमा, प्रोत्साहन, सामाजिक सुरक्षा कोषमा आवश्यक रकमको व्यवस्था गरिएको छ । पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान, सिप, अभिवृद्धिका साथै आन्तरिक पर्यटन प्रवर्धन गर्ने उद्देश्यले अध्ययन अवलोकनको कार्यक्रम संचालन भएको छ । नगरको अनुगमनलाइ प्रभावकारी बनाइएको छ । प्रमुख प्रशासकीय अधिकृतसँग कार्यसम्पादन करार गरी नगरपालिकाको विकास तथा प्रशासनिक कामलाई थप प्रभावकारी वनाउने प्रयास गरिएको छ ।

**अब म आगामी बजेटका उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

उत्पादनशिलता र रोजगारी वृद्धि,
सन्तुलित एवं समावेशी विकास,
आत्मानिर्भरता सहितको नगरको आर्थिक समृद्धि
भन्ने ध्येयका साथ प्रस्तुत बजेका उद्देश्यहरु निम्न अनुसार राखेको छु ।

## बजेटको उद्धेश्यहरुः-

- शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार र पर्यटनमा लगानी अभिवृद्धि गरी दिगो र समावेशी आर्थिक सामाजिक विकास गर्ने ।
- नगरवासीलाई सामाजिक न्याय र समतामुलक विकासको प्रत्याभूति दिलाउने ।
- कृषि तथा पर्यटन क्षेत्रको लगानी प्रवर्द्धन एवं आत्मानिर्भरताको लागी सीपविकास मार्फत नगरको अर्थतन्त्रलाई गतिशील बनाउँदै उद्यमशीलता विकास र रोजगारी सृजना गरी गरीवी न्यूनिकरणमा जोड दिने ।
- आन्तरिक स्रोतका दायरा विस्तारमा जोड दिई खर्च प्रणालीलाई प्रभावकारी बनाउने ।
- संस्थागत सवलता हासिल गरी सुशासन कायम गराउने ।

**बजेटको प्राथमिकताहरु निम्न अनुसार तयार गरेको छु ।**

- कृषि, पर्यटन र दिगो पूर्वाधार विकास ।
- शिक्षा तथा स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सुधार ।
- सामाजिक न्याय सहितको समावेशी विकास ।
- मानव संशाधन विकास तथा सिप र रोजगार उन्मुख कार्यक्रमको विस्तार ।
- वातावरण संरक्षण र विपद् व्यवस्थापन ।
- संस्थागत सुशासन र सेवा प्रवाहमा सुधार।

**अव म यस सम्मानित नगर सभामा आगामी आ.व.२०८३/०८४ का लागि शिवसताक्षी नगरपालिकाको नीति प्रस्तुत गर्न चाहन्छु ।**

<u>क) आर्थिक विकास सम्वन्धी नीतिहरु</u>

**१. कृषि तथा पशु विकास सम्बन्धि**

**१.१** बजारको मागको आधारमा कृषि व्यवसाय प्रवर्द्धन गर्न **“उत्पादन पछि विक्रि हैन, बेच्नका लागि उत्पादन”** भन्ने नाराका साथ बजामुखि कृषि उत्पादन कार्यक्रम संचालन गरिनेछ ।

१.२ कृषि क्षेत्रलाई व्यवसायीक तथा उत्पादनमुखी बनाउन आधुनिक प्रविधिको प्रयोग तथा कृषि तालिम कार्यक्रम संचालन गरिने छ ।

१.३ खाद्यन्न, तरकारी, तेलहन, दलहन बालीको उत्पादन अभिवृद्धि र उत्पादन लागत कम गर्ने उद्देश्यका साथ आधुनिक कृषि मेशिनरीको प्रयोगलाई बढवा दिन प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालनमा ल्याईने छ ।

१.४ धान बालीलाई ब्यवसायिक र नाफामुखि बनाउनका लागि आधुनिक प्रविधिको प्रयोगमा जोड दिदै न्युनतम समर्थन मूल्यमा बिक्रिका लागि पहल गर्दै प्रवन्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

१.५ किसानको आर्थिक सुरक्षा, जोखिम न्यूनीकरण, कृषि उत्पादनको निरन्तरता, र कृषि क्षेत्रमा लगानी तथा आत्मविश्वास वृद्धि गर्नकालागी **बाली विमा** कार्यक्रम लागू गरिनेछ ।

१.६ रसायानिक मलको परनिर्भर्तालाई कम गर्दै प्राङ्गारिक खेति प्रवर्द्धन गर्न **प्राङ्गारीक/जैविक मलमा अनुदान** कार्यक्रम संचालन गरिनेछ ।

१.७ व्यवसायिक च्याउ, तरकारी तथा मह उत्पादन गरी स्थानीय स्तरमा नै स्वरोजगार हुन चाहने युवाहरुको लागि **युवा लक्षित कृषि विकास कार्यक्रमलाई** निरन्तरता दिइने छ ।

१.८ **“स्वास्थ माटोको साथ, उत्पादन वृद्धिको सुरुवात”** भन्ने नाराका साथ माटो परिक्षण र माटो सुधारका कार्यक्रमहरु संचालन गरिने छ ।

१.९ मानव स्वस्थ्यलाई कुनै हानी नोक्सानी नपुर्याउने खालका विभिन्न प्रविधिहरुलाई प्रयोग गरि बाली विरुवालाई रोग, किराबाट बचाउने र रसायनिक विषादी, मलको समुचित प्रयोग गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने सचेतनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

१.१० किसान सुचिकरण प्रणाली अन्तरगत सरकारी स्तरबाट किसानहरुलाई उपलब्ध गराउने सेवा सुविधालाई क्रमशः किसान परिचय पत्रसंग आवद्ध गर्दै लगिनेछ ।

१.११ कृषि जैविक विविधता र स्थानीय रैथाने बालीको संरक्षण र प्रवर्द्धनका लागि प्रबन्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

१.१२ अनुदानको रसायनिक मल, विषादी र बीउ बिक्रेतालाई नियमन र कानुनिको परिधिभित्र मात्र कारोबार गर्न पाउने गरि व्यवस्थित गरिनेछ ।

१.१३ खेति योग्य जमिनमा सिंचाईको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रलाई प्रथमिकताका आधारमा सिंचाईको पहुच वृद्धि गरिने छ।

१.१४ शिवगञ्ज वजारमा निर्माणाधिन कृषि वजारको ब्यवस्थित संचालन तथा नियमन गर्नको लागि **कृषि वजार संचालन कार्यविधि** निर्माण गरि कृषि वजार संचालन तथा ब्यवस्थापन गरि नगरवासी कृषकहरुको अधिकतम हितको प्रवर्धन गरिनेछ ।

१.१५ नगरपालिका क्षेत्रबाट उत्पादन हुने कृषि उत्पादनहरुको आधिकारीक तथ्य तथा तथ्याङ्क संकलन गरि तथ्याङ्कको आधारमा कृषि विकास सम्बन्धी योजना तर्जुमा तथा कृयाकलापहरु संचालन गरिने छ ।

१.१६ पशु स्वस्थ्य सेवाको पहँच नभएका कृषकहरुको हितको लागि **“घर घरमै पशु स्वास्थ्य समस्याको पहिचान र निदान, पशुजन्य उत्पादनमा आत्मनिर्भर बन्ने हाम्रो अभियान”** भन्ने मान्यताका साथ बस्ती/टोल स्तरमा पशु स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१.१७ निन्तर बन्ध्याकरण र खोप तालिका, रेविज मुक्त शिवसताक्षी नगरपालिका मान्यताका साथ निःशुल्क सामुदायिक कुकुर बन्ध्याकरण, रेविज र अन्य महामारी जन्य रोग विरुद्धका खोप कार्यक्रमहरु संचालन गरिनेछ ।

१.१८ पशुपालक कृषकहरुको पशुजन्य उत्पादनको लागत घटाई र उत्पादन र उत्पादकत्व बढाउन उन्नत घाँसमा आधारित पशुपालन पद्धतिलाई प्रोत्साहन गरिनेछ ।

१.१९ कृत्रिम गर्भाधान मार्फत दुधको उत्पादन बढाउन तथा उन्नत जातका बाछी र पाडापाडीको उत्पादन गर्न "घर-घर गोठ, गोठ-गोठ कृत्रिम गर्भाधान मिसन" कार्यक्रम संचालन गरिनेछ ।

१.२० कुखुरा, माछा, बाखा, बंगुर तथा गाईभैसींको उत्पादन, उत्पादकत्व तथा संख्या एकिन गर्न नगरस्तरिय तथ्याङ्क संकलन गरि तथ्य तथ्याङ्कमा आधारित पशुपन्छि विकासका कार्यक्रमहरु तर्जुमा गरिने छ ।

१.२१ माछमासु विक्रीवितरण तथा वजारीकरण गर्न स्थापना भएका कृषि तथा पशुपन्छी हाट बजारहरुमा स्वच्छ तथा स्वस्थ माछामासुको उपलब्धताको लागि पशु बधशाला निर्माण गर्न आवश्यक व्यवस्था मिलाई स्वच्छ तथा ताजा माछामासुको आपूर्तीको लागि मासुपसल(फ्रेस हाउस) सुधार तथा यान्त्रीकरण गरि सोको प्रभावकारी नियमन गरिनेछ ।

१.२२ नगरक्षेत्रमा उत्पादन भएको दुधको उपभोग सुनिश्चित गर्न अन्तर तहका सरकार तथा अन्य क्षेत्रका साझेदारहरु मार्फत दुग्धजन्य परिकारहरुको विविधिकरण गरि वजारीकरण गर्न आवश्यक सहयोग गरि दुध उत्पादक कृषकहरुको जिवनस्तर सुधारिने छ ।

१.२३ संघ, प्रदेश तथा अन्य साझेदारहरुको सहकार्यमा पशुपन्छीक पकेट विकास कार्यक्रमहरु संचालन गरिनेछ। नगर क्षेत्रका पशुपालक कृषकहरुको पशुहरुको स्वास्थ्यमा निरन्तर सुधार गर्न आवश्यकता अनुसार सेवा केन्द्रहरुको विस्तार गरि सहज तथा सुलभ रुपमा पशु स्वास्थ्य सेवा प्रवाहको ब्यवस्था तथा गुणस्तरिय स्वास्थ्य उपचारका लागि प्रयोगशाला सेवालाई व्यवस्थित गरिनेछ ।

१.२४ मत्स्य उत्पादन तथा उत्पादकत्व वढाउन नयाँ माछा पोखरि निर्माणमा अनुदानको ब्यवस्था गरि नगर्रलाई माछा उत्पादनमा आत्मनिर्भर बनाउने कार्यक्रमहरु संचालन गरिनेछ ।

## २. उद्योग तथा वाणिज्य सम्वन्धी नीति -

२.१. आर्थिक रुपमा पछि परेका आदिवासी, जनजाती, दलित तथा विपन्न समुदायका युवा–युवती, सबै जातजातीका महिलाहरुलाई कृषि/पशु पालन/लघु उद्यमशिलता सम्बन्धि तालिम प्रदान गरि स्वरोजगारीमा टेवा पुर्याइनेछ ।

२.२. यस नगरपालिकामा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई नगरपालिकाको लागत साझेदारीमा निरन्तरता दिइनेछ ।

२.३ स्थानीय उद्योग बाणिज्य संघ/सहकारी संस्था/वित्तिय संस्था/बैंकहरु संग सहकार्य गरी स्थानीय उद्योगी तथा ब्यवसायीहरुलाई वितिय साक्षरता तालिम,उद्यमशिलता,उपभोक्ता हित संरक्षण जस्ता विषयहरुमा तालिम प्रदान गरि उद्यमी बनाउन पहल गरिने छ ।

## ३. पर्यटन सम्बन्धि नीतिः

३.१. यस नगरपालिकालाई कोशी प्रदेशकै प्रमुख पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न गुरु योजना बमोजिम संघ तथा प्रदेश सरकार, उधमी र पर्यटन व्यवसायीहरुको सहकार्य तथा साझेदारीमा सतासीधाम धार्मिक तथा पर्यटकिय क्षेत्र, दोमुखा पर्यटकीय क्षेत्र, चिल्लागढ ऐतिहासिक तथा धार्मिक स्थल निर्माण कार्यलाई निरन्तरता दिईनेछ डुडामारी सिमसार क्षेत्रको संरक्षणको कार्य गरिनेछ ।

३.२ दोमुखा स्वीमिङ्ग पुल सम्पन्न भई वहुवर्षिय ठेक्का मार्फत व्यवस्थापन गरी नगरको आय स्रोतमा वृद्धि गरिनेछ ।

३.३ दोमुखा क्षेत्रमा जनताको साझेदारीमा वाटोमा टायल विच्छयाउने कार्य यसै आ.व मा सम्पन्न गरी थप लाइटिङ्ग, सौन्दर्यिकरण र अधुरो पुर्वाधार निर्माणको कार्य गरि आन्तरिक तथा वाहय प्रर्यटन वृद्धि गरिनेछ ।

३.४. लगानी कर्तालाई यस नगर क्षेत्र भित्र रहेका पर्यटकिय क्षेत्र दोमुखामा लगानी गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ ।

**४. सहकारी सम्बन्धि नीति**

४.१ सहकारी सस्थाहरुको क्षमताविकास ,आर्थिक पारदर्शिता तथा संस्थागत सुशाशनमा जोड दिइनेछ

४.२ कृषि र बचत तथा ऋण सहकारी संस्था मार्फत स्थानीय स्तरमा छरिएर रहेको पूंजी संकलन गरि उक्त पूंजी सस्थाका सदस्यहरुको उत्पादनमुलक क्षेत्रमा परिचालन गर्न सहकारी सस्थाहरुलाई कृयाशिल बनाईनेछ ।

४.३ सहकारी संस्थाहरुबाट प्रवाह हुने ऋणीको पहिचान, व्यवस्थापन सूचना प्रणालिको अवलम्बनको लागि सहकारी संस्थाहरुको क्षमता विकास गरिने छ ।

४.४ सहकारी संस्थाहरुको वित्तिय स्वास्थ्य तथा प्रभावकारिताको लागि सहकारी संस्थाहरुको सघन अनुगमन मूल्याङ्कन कार्यलाई जोड दिईनेछ ।

४.५ सहकारी संस्थाका पदाधिकारीहरुको सक्षमता अभिवृद्धको लागि विभिन्न तालिम, अवलोकन भ्रमण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।

४.६ सहकारी संस्थाका वचतकर्ता तथा शेयर सदस्यको वचत तथा शेयर रकम अपचलन हुन सक्ने जोखिमको नियन्त्रको लागि सहकारी ब्यवस्थापन सूचना प्रणालि (COPOMIS) को अनिवार्य प्रयोग तथा प्रभावकारीता वढाइने छ ।

४.७ समस्यामा रहेका सहकारी संस्थाहरुका वचतकर्ता तथा शेयर सदस्यहरुको वचत रकम फिर्ता गर्न तथा आवश्यक कानूनी दायित्व बहन गराउनको लागि अन्तर सस्थाहरु तथा अन्तर क्षेत्रका विभिन्न संघ संस्था, निजी क्षेत्र तथा नागरिक समाज संग सहकार्य गरिनुका साथै नगर स्तरीय सहकारी छानविन समितिको भुमिका पारदर्शी तथा प्रभावकारी वनाइनेछ ।

४.८ "स्थानीय उत्पादन तथा उत्पादकत्वको बृद्धि, शिवसताक्षी नगरको समृद्धि" भन्ने मान्यता अनुरुप कृषि/पशुपन्छी तथा अन्य उत्पादन मूलक क्षेत्रमा सहकारीमुलक उत्पादन र वजारीकरण कार्यको थालनी गरिनेछ ।

**<u>ख) सामाजिक विकास सम्वन्धी नीतिहरु</u>**

**५ शिक्षा सम्वन्धी -**

५.१ शैक्षिक गुणस्तर वृद्धि गर्न र शिक्षाको पठन पाठनको वातावरणमा सुधार ल्याउन **नगर स्मार्ट विधालय निर्माण**लाई निरन्तरता दिइनेछ ।

५.२ लामो समय सामुदायिक विद्यालयमा सेवा गरी अवकाश प्राप्त विद्यालय कर्मचारी र बाल शिक्षकलाई नगद प्रोत्साहन दिइनेछ ।

५.३ सामुदायिक विधालयमा शैक्षिक गुणस्तर सुधारका लागि अनुगमन सुपरिवेक्षण कार्यलाई प्रभावकारी वनाउदै विधालयमा E-attendance नगरवाटै अनुगमन गरिनेछ ।

५.४ विद्यालयमा कार्यरत प्रारम्भिक बालविकास शिक्षक तथा विद्यालय सहयोगी कर्मचारीहरुलाइ नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिक प्रदान गरिनेछ ।

।

५.५ नगरपालिका भित्र अध्ययनरत विधार्थीहरुको शिक्षा संगै सीप विकास अभिवृद्धि गर्न **विधार्थीसंग मेयर शिप व्यवहारिक शिक्षा कार्यक्रम** संचालनमा निरन्तरता दिइनेछ ।

५.६ नगरसंग विधार्थीको निकटता अभिवृद्धि गरी विधार्थीहरुको नैतिक तथा व्यवहारिक पक्ष सक्रिय वनाउन **मेयरसंग विधार्थी साक्षरता कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

५.७ स्थानीय पाठ्यक्रम कार्यान्वयनलाई निरन्तरता दिदै स्थानीय पाठ्यपुस्तक लेखन कार्यलाई निरन्तरता दिइनेछ ।

५.८ विद्यालयको विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन तथा शिक्षक दरवन्दी कायम गरी शिक्षक दरवन्दी मिलान गरिनेछ । विधार्थी संख्याको आधारमा आवश्यकता अनुसार कक्षा घटाई विधालय समायोजन गरिनेछ ।

५.९ विधालय प्रारम्भिक वालविकास शिक्षक, कर्मचारी, प्राध्यानापक, विधालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई मागमा आधारित पुर्नताजगी तालिम संचालन गरी शैक्षिक व्यवस्थापनमा सवल वनाइनेछ ।

५.१० अध्यापनलाई निरन्तरता दिनका लागि नगरस्तरीय शिक्षक रोस्टर छनौट गरी विधालयको शैक्षिक अध्यापनलाई प्रभावकारी वनाइनेछ ।

५.११ असल अभ्यास भएका र उच्च सिकाई उपलब्धि हासिल गर्न सफल विधालय एवं न्यून सिकाई उपलब्धि भएका विद्यालयहरुको विचमा अनुभव आदान प्रदान कार्यक्रम मार्फत शैक्षिक गुणस्तर एवं व्यवस्थापकिय क्षमता वृद्धि गर्ने व्यवस्था मिलाइने छ ।

५.१२ वालवालिकाहरुमा अन्तरनिहित प्रतिभाहरुको प्रस्फुटनका लागि सह तथा अतिरिक्त क्रियाकलापलाई शिक्षण सिकाईको अभिन्न अंगको रुपमा लिई सोका लागि विशेष प्रोत्साहन गरिनेछ ।

५.१३ विद्यालयका पूर्वाधारहरुलाई वालमैत्री तथा अपाङ्गमैत्री वनाइनेछ ।

५.१४शिक्षण सिकाई प्रक्रियामा सूचना तथा संचार प्रविधिको प्रयोगलाई ब्यवस्थित बनाइनेछ ।

५.१५ सबै विद्यालयमा शुद्ध पिउने पानी, शौचालय सुविधा, खेलकुद मैदान र पुस्तकालयको व्यवस्थामा जोड दिईनेछ ।

५.१६ मातृभाषा (दोश्रो भाषा) पठनपाठनमा जोड दिईने नीतिलाई निरन्तरता दिइनेछ ।

५.१७ प्राविधिक शिक्षा अध्ययन गर्न ईच्छुक विपन्न जेहेन्दार विद्यार्थीलाई छात्रवृतिको ब्यवस्था गरिने छ ।

५.१८ सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरुलाई स्यानीटरी प्याड वितरणको कार्यलाई निरन्तरता दिइनेछ

५.१९ दिवा खाजाको ब्यवस्थापन र गुणस्तरमा ध्यान दिईने छ ।

५.२० राष्ट्रपति रनिङ्ग शिल्ड र अन्तर विद्यालय रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

५.२१ वाल क्लव, स्काउट र रेडक्रस जस्ता स्वयम सेवी संस्था परिचालनको नीति लिईनेछ ।

५.२२ विद्यालय स्वयंसेवक शिक्षक तथा विद्यालय पुर्वाधार मर्मत तथा सुधार कार्यक्रम संचालन गरिनेछ ।

५.२२ सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई थप जिम्मेवार र जवाफदेहि बनाउन विद्यालय विकास प्रस्तावको आधारमा प्रधानाध्यापक नियुक्ति गरी अनिवार्य कार्यसम्पादन करार गरिनेछ ।

५.२३ संस्थागत विद्यालयलाई आवश्यक मापदण्डको आधारमा थप व्यवस्थित गरिनेछ ।

**६. स्वास्थ्य सम्बन्धी:**

६.१ शिवसताक्षी नगरपालिका वडा नं-६ मा अवस्थित शिवगञ्ज आधरभूत अस्पतालमा आवस्यक जनशक्ति, उपकरण र सेवा विस्तार गरी २४ सै घण्टा सेवा संचालनमा ल्याइनेछ ।

६.२ शिवसताक्षी नगरपालिका भित्रका आधारभूत अस्पताल, स्वास्थ्य चौकीहरु र आधारभूत स्वास्थ्य केन्द्रहरुको सुदृढीकरण गरी सेवाको दायरा विस्तार तथा गुणस्तरमा सुधार गरिनेछ ।

६.३ गुणस्तरीय औषधि, औजार उपकरण लगायत स्वास्थ्य सामग्रीको सहज पहुँच तथा प्रभावकारी आपूर्तिको व्यवस्था गरिनेछ।

६.४ नगर क्षेत्र भित्रका विपन्न व्यक्तिहरूलाई क्यान्सर, मुटु, मृगौला रोगको उपचार सहयोगलाई निरन्तरता दिइने छ।

६.५ नागरिकहरूको स्वास्थ्य बिमा गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६.६ नगरपालिकामा स्वास्थ्य मानव संसाधनको पेशागत वृत्ति विकासका लागि आवश्यक स्वास्थ्य तालिमहरुको व्यवस्थापन गरिनेछ र पर्याप्त दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ।

६.७ स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुसार क्रमिक रूपमा नगरपालिकाकोको लगानी वृद्धि गर्दै लगिने छ ।

६.८ समुदाय स्तरमा पोषण, नसर्ने रोग र मानसिक स्वास्थ्य समस्याहरुकोको समयमै पहिचान गरि आवश्यक व्यवस्थापन तथा जनचेतनामूलक कार्यक्रमहरु गरिने छ ।

६.९ खाद्य पदार्थमा बढ्दो बिषादी प्रयोग र त्यसबाट हुने रोगहरु (क्यान्सर, मृगौला, मुटु) लाई रोकथाम तथा नियन्त्रणका लागि जनचेतनामूलक कार्यक्रमहरु गरिने छ।

६.१० नगरलाई पूर्ण खोप, कोशोरकिशोरीमैत्री, पोषणमैत्री र प्रबिधिमैत्री घोषणा गरिने छ ।

६.११ प्रभावकारी स्वास्थ्य शिक्षा, सूचना र सञ्चारको माध्यमबाट नागरिकको स्वस्थ आनीबानी र सकारात्मक व्यवहारलाई प्रवर्द्धन गरिनेछ ।

६.१२ बाल स्वास्थ्य, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, सङ्क्रामक तथा उपेक्षित उष्ण प्रदेशीय रोग लगायत प्रमुख जनस्वास्थ्य कार्यक्रमहरूलाई थप सबलीकरण गरिनेछ ।

६.१३ वातावरणीय प्रभाव, जलवायु परिवर्तन तथा स्वास्थ्यजन्य फोहोरका कारण स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल असरको न्यूनीकरण तथा व्यवस्थापन गरिनेछ।

६.१४ स्वास्थ्य क्षेत्रका प्राथमिक मुद्दाहरूमा अध्ययन, अनुसन्धान र सर्वेक्षण गरिनेछ र अध्ययनका नतिजाहरूलाई नीति निर्माण तथा योजना तर्जुमा प्रक्रियामा प्रयोग गरिनेछ ।

६.१५ स्वास्थ्य आपत्कालिन अवस्था, विपद् महामारीको प्रभावकारी अनुगमन, नियन्त्रण तथा व्यवस्थापन गरिनेछ ।

६.१६ एच.आई.भी./एड्स, मलेरिया, क्षयरोग, हेपाटाइटिस, डेंगु जस्ता रोगहरूको नियन्त्रण तथा उपचारका लागि कार्यक्रम समावेश गरिनेछ।

६.१७ स्वास्थ्यका वृहत निर्धारकलाई सम्बोधन गर्न बहुक्षेत्रीय निकायसँग योजना तर्जुमा तथा कार्यान्वयनमा समन्वय र सहकार्य गरिनेछ ।

६.१७ नागरिक स्वास्थ्य सुरक्षाका लागि एम्बुलेन्स खरिद गरि सेवा प्रदान गरिने छ ।

**७. संस्कृति प्रवर्द्धन सम्बन्धी नीतिः**

७.१ नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने विभिन्न जातजाति तथा जनजाति समुदायहरुको **मौलिक परम्परा र भाषा संस्कृतिको जगेर्ना** गर्ने कार्यक्रमहरुमा आवश्यक सहयोग गरिनेछ ।

७.२ धार्मिक साँस्कृतिक तथा ऐतिहासीक रुपमा महत्वपूर्ण मठ,मन्दिर,गुम्बा आदिको संरक्षण,सम्बद्र्धन र प्रवद्र्धन गरिनेछ ।

७.३ नगर क्षेत्र भित्र धार्मिक एवं अध्यात्मिक रुपमा प्रतिष्ठित एक योग एवं ध्यानकेन्द्र स्थापनामा जोड दिईने छ ।

७.४ नगरको सबैभन्दा पुरानो बृजेश्वर शिवालय मन्दिर शिवगञ्जको भौतिक संरचनाको आवश्यक मर्मत संभार तथा संरक्षण गरिनेछ ।

**८. लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीतिः**

८.१ नगरबासीको शारीरिक स्वास्थ्य, मानसिक शान्ती, बौद्धिक विकास र आध्यात्मिक उन्नतीको लागी योग शिविर सञ्चालन गरिनेछ ।

८.२ नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने महिला, आदिवासी, जनजाती, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, लोपुन्मुख, सिमान्तकृत, अल्पसंख्यक, जनजातीको संरक्षण एवं विकासको कार्यहरुमा सहयोग गर्ने नीति लिईने छ ।

८.३ लैंगिक विरुद्ध हुने सबै प्रकारका हिंसाको न्यूनिकरणका लागि कार्यक्रम संचालन गरिनेछ ।

८.४ महिलाहरुलाई शसक्तिकरण तथा मूलप्रवाहिकरण गर्न विविध किसिमका आयआर्जन, सीपमुल तथा क्षमतामूलक कार्यक्रम संचालन गरिनेछ ।

८.५ यस नगरपालिकालाई बालबालिका, महिला, अपांग र जेष्ठ नागरिक मैत्री नगरपालिकाको रुपमा विकास गर्दै लगिने छ ।

८.६ श्रमिक वर्गको उत्थानका निमित्त सामुहिक दुर्घटना विमा र मजदुर वर्ग प्रवर्द्धन कार्यक्रम संचालन गरिने छ ।

८.७ छुवाछुत, सामाजिक कुरित, अंधविश्वास, लैंगिक विभेद र हिंसाका घटनाहरु न्युनिकरणका लागी क्षमतामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

८.८ बालबालिका पुनस्थापना केन्द्र, जेष्ठ नागरीक आश्रय केन्द्र, अशक्त स्याहार केन्द्र स्थापना र सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

८.९ बालश्रम, बालविवाह, दाइजो, बोक्सी, जस्ता प्रथा अन्त्यको लागी किशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

८.१० महिलासँग उपमेयर विशेष कार्यक्रम संचालन गरिनेछ ।

८.११ अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रम निरन्तरता दिइनेछ र यस कार्यक्रमको दिगो विकासका लागि नीति तयार गरी मूलप्रवाहिकरणमा जोडिनेछ ।

**९ यूवा तथा खेलकुद सम्बन्धि नीतिः**

९.१ संघ संस्थाहरु सँग सहकार्य गरी दुर्व्यसनी विरुद्धको अभियानलाई निरन्तरता दिईने छ । युवा लक्षित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

९.२ २१ वर्ष भन्दा कम उमेरका ब्यक्तिहरुलाई मदिरा, गुट्खा, खैनी, सूर्ती विडि, चुरोट जस्ता स्वास्थ्यमा नकारात्मक प्रभाव पार्ने बस्तुहरु बेच विखन गर्न नपाउने तर्फ पहल गरिने छ ।

९.३ मेयर कप खेलकुद लगायत अन्य खेलकुद सम्बन्धि गतिविधिहरु प्रभावकारी ढंगले अगाडी वढाइने छ ।

९.४ पूर्ण अपाङ्गता भएका ब्यक्तिहरुलाई व्हिल चियर वितरणका लागि सम्बन्धित निकायहरु सँग पहल गरिने छ ।

१०.२ अपाङ्गगता लक्षित आत्मनिर्भर कार्यक्रमहरु संचालनमा सहयोग गरिने छ ।

१०.३ ज्येष्ठ नागरिकहरुको अनुभव आदन प्रदान तथा जीवनयापनमा सहजता ल्याउन **सम्मानित ज्येष्ठ नागरिक, खुशी नगर कार्यक्रम** अन्तर्गत ज्येष्ठ नागरिक भेटघाट तथा चियापान कार्यक्रम संचालन गरिने छ ।

१०.४ नगर युवा परिषद कार्यक्रम सञ्चालन गरिनेछ ।

१०.५ नवनिर्मित दुधे रङ्गशालामा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका टिमहरुसँगको सहकार्यमा झापा महिला फूटबल टुर्नामेन्ट आयोजना गरिनेछ ।

**ग) पुर्वाधार विकास नीतिः**

**११) भौतिक पूर्वाधारः**

११.१ शिवसताक्षी नगरपालिकाको एकिकृत शहरी विकास योजना (Integrated Urban Development Plan)र नगर आवधिक विकास योजना (Municipal Periodic Development Plan) र नगर यातायात गुरुयोजना (Municipal Transport Master Plan) को आधारमा वार्षिक रुपमा पूर्वाधार क्षेत्रमा बजेट विनियोजन गरी अधुरा नगर गौरव योजनालाई पूर्णता दिने कार्यलाई निरन्तरता दिइनेछ ।

११.३ नगर गौरवको योजनाको रुपमा रहेको नगर रिङ्गरोड कालोपत्रे गर्ने कार्यलाई सम्पन्न गरिनेछ ।

११.४ आगामी आ.व.मा **झिलझिले बस पार्कमा निर्माण भएका सटरहरुलाई थप भाडामा** लगाई नगरको आन्तरिक स्रोतमा वृद्धि गरिनेछ ।

११.५ **जहाँ अभर , त्यहाँ नगर** भन्ने मुल मन्त्रका साथ सडकहरुको नियमित मर्मत संभार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

११.६ अधुरो अवस्थामा रहेको योजनाहरु शिवगंज कृषि थोक बजार, शिवगंज आधारभूत अस्पताल, रिङ्ग रोड र ट्रंक रोड कालो पत्रेलाई सम्पन्न गरि सञ्चालनमा ल्याइनेछ।

११.७ नगरका मुख्य हाट बजारमा टहरा निर्माण, ड्रेन निर्माण गरी व्यवस्थित गरिनेछ ।

११.८ सडकको क्षेत्राधिकार भित्र रहेको विद्युत पोलहरु स्थानान्तरण गर्न बजेट विनियोजन गरी विद्युत प्राधिकरण संग सहकार्य गरिने छ ।

११.९ **दोमुखा, चिल्लागढ र सतासीधाम क्षेत्रमा पर्यटन पुर्वाधारहरु थप निर्माण** कार्य सम्पन्न गरी आन्तरिक तथा बाह्य पर्यटनमा अभिवृद्धि गरिनेछ ।

११.१० हाम्रो नगर उज्यालो शहर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११.१६ दुधे **शिवगंज सडकमा ढल तथा बाटो निर्माण** कार्यलाई निरन्तरता दिइनेछ ।

११.१७ नगरपालिका तथा वडा कार्यालय परिसरलाई सौन्दर्यीकरण गरिनेछ ।

११.१८ **दुधे देखि नगरपालिकासम्म सडक चौडा** तथा कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११.१९ वडा कार्यालयहरुमा Parking, Canteen, Compound Wall र Photo Copy Machine राख्ने कक्ष निर्माण कार्यलाइ निरन्तरता दिइनेछ ।

११.२० **दुधे रंगशालामा** प्यारापिट निर्माणको कार्यलाइ निरन्तरता दिइ **फ्लड लाइटिङ जडान** कार्य सम्पन्न गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुदका विभिन्न गतिविधि सञ्चालन गरिनेछ ।

**१२ सिँचाई विकास सम्वन्धी नीति :-**

१२.१ कन्काई सिँचाई अन्तर्गत रहेको नहर तथा कुलोहरुको नियमित मर्मत संभारमा समन्वय गरिनेछ ।

१२.२ नहर र कुलोको क्षेत्राधिकार भित्र नीजि भौतिक पुर्वाधार निर्माण तथा वृक्षारोपणमा रोक लगाईने र क्षेत्राधिकार भित्र रहेका रुख विरुवा एवं घर टहरा हटाउने कार्यमा समन्वय गरिने छ ।

१२.३ कृषकलाई सिचाई सुविधा पुर्याउन निरन्तर जोड दिईनेछ ।

**१३. भवन तथा शहरी विकास नीतिः**

१३.१ नक्शा स्वीकृत गरेर मात्र भवन निर्माण गर्ने कार्यलाई कडाईका साथ लागु गर्न अभियानको रुपमा लगिने छ ।

१३.२ ड्रेन, फुटपाथ तथा वृक्षारोपण सहितको सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।

१३.४ प्लटिङ्गलाई व्यवस्थित गर्न तोकिए बमोजिमको मापदण्ड अनुसार नाला, विद्युत, खुला स्थान आदिको व्यवस्था सहित नगरपालिकामा दर्ता हुने व्यवस्थालाई निरन्तरता दिईनेछ ।

१३.५ नगरपालिकाको क्षेत्रभित्र रहेका सरकारी निजी तथा ऐलानी जग्गाहरु, सुकुम्बासी तथा अव्यवस्थित बसोबास क्षेत्रहरुको लगत संकलन गरी निस्सा दिने कार्यलाई निरन्तरता गरिनेछ ।

१३.६ वडा नं. ३ र ४ मा आवास निर्माणको कार्य सम्पन्न गरी सुकुम्वासी वसोवासको व्यवस्था मिलाईनेछ ।

१३.७ फूसको छाना मुक्त आवास बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

१३.८ नगरमा रहेका घरहरुलाई घर नम्वर कायम गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१३.९ भूमिहिनहरुलाई धनी पूर्जा वितरण कार्य शुरु गरिनेछ ।

**१४. उर्जा तथा संचार विकास सम्वन्धी नीति :-**

१४.१ विद्युत प्राधिकरण संग समन्वय गरि नगरका सवै बस्तीहरुमा विद्युत सेवा पुर्याउन पहल गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

१४.२ सौर्य उर्जा लगायत अन्य वैकल्पिक उर्जाको प्रवर्धन गरिनेछ ।

१४.३ सार्वजनिक सेवा वितरणमा सूचना प्रविधिको प्रयोगमा जोड दिईनेछ ।

**घ) वन, वातावरण तथा विपत व्यवस्थापन नीति**

**१५ वन तथा भु–संरक्षण**

१५.२ संघीय तथा प्रादेशिक नीति तथा मापदण्ड अनुरुप वन संरक्षणको नीतिलाई प्राथमिकतामा राखिनेछ ।

१५.३ स्थानीय जनताको आधारभुत आवश्यकताहरु (काठ, दाउरा, घाँस, स्याउला) को आपुर्ति व्यवस्थापनलाई सहज बनाउन सरोकारवालाहरु सँग सहकार्य गरिनेछ।

१५.४ नीजि तथा सार्वजनिक जग्गाहरुमा औषधिय गुणयुक्त वनस्पतिहरु, जडिबुटिहरु तथा दुर्लभ एवमं लोपोन्मुख विरुवाहरु नगर र संघ संस्थाको सहकार्यमा रोप्ने तथा संरक्षण गरिनेछ ।

१५.५ नगर क्षेत्रमा रहेका ताल तलैया सिमसार क्षेत्रहरुमा भएका जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्दै तिनीहरुलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१५.६ नगर क्षेत्रमा रहेका कमल कन्काई तथा अन्य खोलाहरुको तटबन्धनका लागि सम्बन्धित निकायहरु संग समेत सहकार्य गरी तटवन्धनको कार्य गरिने छ ।

**१६ वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि**

१६.१ विकास कार्यक्रमहरु संचालन गर्दा वातावरण मैत्री, दिगो विकाससँगमैत्री र जलवायु परिवर्तनसँग अनुकुलित हुने गरि संचालन गरिनेछ ।

१६.२ जैविक विषदीको खोजी तथा प्रवद्धन गर्दै स्वास्थ्यमा प्रतिकुल असर गर्ने रसायनिक विषादी माथि न्युनिकरणगर्दै लगिने छ ।

१६.३ स्थानीय तहमा वातावरणमैत्री शासन प्रणालीको प्रवर्द्धन गरिनेछ ।

१६.४ वातावरण संरक्षण कोषलाई ब्यबस्थित गर्न आवश्यक कार्यविधि बनाईने छ ।

**१७ फोहोरमैला व्यवस्थापन**

१७.१ नगर क्षेत्रका फोहोरको नियमित रुपमा सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१७.२ घरभित्रको फोहोर घरभित्र नै व्यवस्थापन गर्न कम्पोष्ट विन उपलब्ध गराई कम्पोष्ट मल बनाउन आवश्यक तालिम सहित अभिप्रेरित गरिनेछ ।

१७.३ दिर्घकालिन फोहरमैला व्यवस्थापनका लागि **शिवसताक्षी न.पा. ७ नगरमा ल्याण्ड फिल्ड साईटमा रहेको फोहोर व्यवस्थापन मेशिनलाई नीजि क्षेत्रसँगको समन्वयमा निरन्तर संचालन गरी उपयोगमा** ल्याइनेछ ।

१७.४ फोहोर ब्यवस्थापनका सम्बन्धमा जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

१७.५ फोहरमैला व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, योजना तथा कार्यक्रममा सवै सरोकारवालाहरुसँग समन्वय र सहजिकरण गरिनेछ ।

**१८. विपत व्यवस्थापन**

१८.१ विपत व्यवस्थापन कार्यलाइ प्रभावकारी रुपमा व्यवस्थापन गर्न नगरपालिकामा एक विपत व्यवस्थापन शाखाबाट प्रभावकारी सेवाप्रवाह निरन्तरता दिइनेछ ।

१८.२ प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट उत्पन्न हुन सक्ने जोखिम न्यूनिकरण गर्न विपत व्यवस्थापन कोष, विपत्त पुर्व तयारी योजना र विपत प्रतिकार्य योजनाको ब्यवस्थापन गरि कार्यान्वयन गरिनेछ ।

१८.३ विपत जोखिम क्षेत्रहरु पहिचान गरी उक्त क्षेत्रहरुमा जोखिम न्यूनिकरण सचेतना कार्यक्रम संचालन गर्दै प्रत्येक वडामा Response Team तयार गरिदै लगिनेछ । एक वडा एक विपद सुरक्षित स्थल किटान गरी निकटभविष्यमा आवश्यक पूर्वाधार विकास गर्दै लगिनेछ ।

१८.४ नगरको **वारुणयन्त्र दमकलको सेवालाई थप प्रभावकारी** वनाइनेछ ।

१८.५ विपत पिडितलाई राहतको व्यवस्था मिलाईने छ ।

१८.६ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न विपद् जोखिम मैत्री शासनको सुदृढीकरण गरिनेछ ।

१८.७ विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी बृद्धि गरि उत्थानशीलता अभिबृद्धि गरिनेछ ।

१८.८ संघ तथा प्रदेश सरकार सँग समन्वय गरी नगर क्षेत्रका नदी तथा खोलाहरुमा तटबन्धनको कार्यका लागि पहल गरिनेछ ।

१८.९ **"अझ राम्रो र अझ बलियो"** (**Build Back Better**) अवधारणा अनुरुप विपद् पश्चातको पुनर्लाभ, पुनः स्थापना र पुनर्निर्माण सुनिश्चित गरिनेछ ।

**१९. खानेपानी तथा सरसफाईः**

१९.१ आधारभूत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धि नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ ।

१९.३ बजार क्षेत्ररुको नियमित रुपमा सरसफाईका लागि सम्बन्धित बजार व्यवस्थापन समितिहरुलाई परिचालन गरिनेछ ।

१९.४ संघ तथा प्रदेश सरकारको समन्वय तथा साझेदारीमा नगरका विभिन्न स्थानहरुमा ओभरहेड खानेपानी आयोजना निर्माण गरि सबै बस्ती/टोलहरुमा स्वच्छ र सफा खानेपानी आपुर्तिमा पहल गरिने छ ।

१९.५ सामुदायिक कुकुरहरुका कारण घरपालुवा जनवारको क्षति हुन थालेको कारण उक्त कुकुरहरुको नियन्त्रणका लागि बन्ध्याकरण र रेविज खोपको लागि व्यवस्था मिलाईने छ ।

**ङ) सुशासन तथा संस्थागत विकास नीतिहरु**

**२०) वित्तिय व्यवस्थापन नीतिः**

२०.१ सार्वजनिक खर्च प्रणालीलाई सक्षम र प्रभावकारी वनाई लागत प्रभावि वनाईनेछ ।

२०.२ सार्वजनिक खरिद प्रणालीलाई पारदर्शी एवमं मितव्ययी वनाईनेछ ।

२०.३ योजना संचालन, फरफारक जस्ता विषयमा क्षमता अभिवृद्धि गरिनेछ।

२०.५ वित्तिय तथा भौतिक प्रगति प्रतिवेदन सार्वजनिकीकरण गर्ने ब्यवस्था मिलाईने छ ।

**२१) राजश्व परिचालनसम्बन्धी नीति**

२१.१. कर प्रणाली चुस्त र पारदर्शी बनाउँने नीति अख्तियार गरिनेछ ।

२१.२ **"कर तिरौ नगरको विकासमा सहभागि बनौ "** भनी नगरबासीको भावना जागृत गराउने नीति लिईने छ ।

२१.३ नगरपालिका क्षेत्रमा स्थापना हुने वित्तिय संस्थाहरु, व्यवसायिक फर्महरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२१.४ राजश्व शाखा मार्फत कर प्रशासनलाई ब्यवस्थित गरिने छ ।

२१.५ आगामी आ.व.मा सबै व्यवसायीहरुलाई करको दायरामा ल्याउने कार्यक्रमहरु संचालन गरिने छ ।

२१.६ नगरको आय श्रोतलाई दीगो र व्यवस्थित बनाउन उद्योग बाणिज्य संघ र वजार व्यवस्थापन समिति सँग सहकार्य गरिने छ ।

२१.७ नगरपालिका क्षेत्र भित्र रहेको सार्वजनिक/ऐलानी पर्ती जग्गामा स्थायी संरचना बनाई बसोवास,ब्यवसाय वा अन्य प्रयोजनमा उपभोग गरेका ब्यक्ति वा सस्थासंग बहाल बिटौरी शुल्क असुल गरी नगरको आन्तरिक स्रोतमा वृद्धि गरिनेछ ।

## २२) भूमि व्यवस्थापन नीति

२२.१ खेती योग्य जमिन प्लटीङ्ग गर्ने,बाझो राख्ने कार्यलाई निरुत्साहित गरिने छ ।

२२.२ राष्ट्रिय भूमि आयोगसँग सहयोग र सहकार्यमा जग्गाको लालपूर्जा उपलब्ध गराउन पहल गरिनेछ ।

२२.३ नगरपालिका भित्र रहेका सार्वजनिक जग्गाहरुको लगत लिइ जग्गाहरुको संरक्षण र उपयोग गर्ने नीति लिइनेछ ।

२२.४ घर जग्गा रजिष्ट्रेशन कार्यलाई निरन्तरता दिइनेछ ।

## २३) आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धी नीतिः

२३.१ आन्तरिक नियन्त्रण प्रणालीलाई संस्थागत गर्न नीति, कानून तथा संयन्त्रको निर्माण गरिनेछ ।

२३.२ नियमित आन्तरिक लेखा परिक्षणका कार्यलाई थप ब्यवस्थित गरिनेछ ।

२३.३ लेखा समितिलाई प्रभावकारी परिचालन गरी आर्थिक पारदर्शिता, नियन्त्रण तथा वितिय सुशासन कायम गरिने छ ।

२३.४ सबै प्रकारका स्टोर दाखिलाहरु लाइ कम्प्युटर प्रणालीबाट संचालन गरिनेछ।

२३.५ समयमै बेरुजु फस्यौट गर्ने कार्यलाई ब्यवस्थित गरिने छ ।

## २४) सार्वजनिक सुनुवाई तथा समाजिक परीक्षण नीतिः

२४.१ नियमित रुपमा सार्वजनिक सुनुवाई गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२४.२ उपभोक्ताबाट संचालित सबै योजनाहरुको खर्चको सार्वजनिकीकरण गर्न लगाईनेछ ।

२४.३ वार्षिक रुपमा सामाजिक परीक्षण तथा लैंगिक परिक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

## २५) विद्युतीय शासन तथा पारदर्शिता सम्वन्धी नीति

२५.१ सार्वजनिक सुचनाहरु प्रकाशन गर्ने तथा नागरिकले मागेको सूचना नियम अनुसार प्रदान गरिने कार्यलाई निरन्तरता दिईने छ ।

२५.२ प्रभावकारी सञ्चारका लागि नगरपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई एस.एम.एस.(SMS) मार्फत सुचना प्रवाह गर्ने; सबै पदाधिकारी एवम् कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन आवश्यकतानुसार तालिम दिने तथा इमेल खोली सबै पत्राचारहरु इमेल मार्फत गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।

२५.३ नगरका विकास गतिविधिहरुलाई टि.भी., रेडियो, पत्रपत्रिका, Facebook मार्फत सूचना प्रवाह गरिने छ ।

२५.४ सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, हेल्प डेस्कको व्यवस्था गरी नागरिक सेवा प्रवाहमा प्रभावकारीता ल्याउने कार्यलाई निरन्तरता दिइनेछ ।

**२६) न्याय सम्पादन नीतिः**

२६.१ नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि निष्पक्ष, छिटो, छरितो, सुलभ, प्रभावकारी तथा जन उत्तरदायी न्याय प्रणाली स्थापित गर्न न्यायिक समितिलाई सवल र सक्षम वनाईनेछ ।

२६.२. वडास्तरीय मेलमिलाप समिति (केन्द्र) मार्फत स्थानिय स्तरमा उठेका विवादहरुलाइ मेलमिलापको माध्यमबाट समाधान गर्ने व्यवस्थालाई प्रभावकारी बनाईनेछ ।

२६.३ न्यायीक ईजलाश र न्यायीक समितिमा सरल, सहज र पहुचयोग्य वनाउने ब्यवस्था मिलाईने छ ।

२६.४ न्यायिक समिति र वडा मेलमिलाप समितिका पदाधिकारीहरुको क्षमता विकासका कार्यक्रम ल्याईनेछ ।

**२७) सार्वजनिक सेवा तथा क्षमता विकास सम्वन्धी नीति**

२७.१ पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

२७.२ E-attendance हाजिरीलाई कडाईका साथ लागु गरिनेछ ।

२७.३ विधुतीय शासन प्रणालीमा जोड दिईनेछ ।

२७.४ कम्प्यूटराइज दर्ता चलानी र विलिङ्ग सिस्टमलाई थप प्रभावकारी वनाईनेछ ।

२७.५ नगरपालिका कार्यालय अन्तरगत कार्यरत कर्मचारीको परिवारको सदस्य (आमा,बुवा, पति,पत्नि,छोरा,छोरी, महिला कर्मचारीको हकमा सासु/ससुरा मात्र) साथै को मृत्यु भएमा साथै नगरपालिका वहालवाला जनप्रतिनिधि स्वयं काजक्रियामा बस्नुपर्ने भएमा किरिया खर्च वापत रु २५,०००।०० उपलब्ध गराउने र स्वंय वहालवाला जनप्रतिनिधी तथा कर्मचारीको निधन भएमा रु ५०,०००। उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइने छ ।

२७.६ कर्मचारीहरुलाई दिदै आएको प्रोत्सहान भत्ता,इन्धन लगायत सेवा सुविधाहरुलाई निरन्तरता दिईने छ । कर्मचारी वीमा, कर्मचारी कल्याण कोष, करारको कर्मचारीहरुलाइ सामाजिक सुरक्षा कोषमा आवद्ध गरीनेछ ।

२७.७ पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान, सिप, अभिवृद्धिका साथै आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले अध्ययन अवलोकनको कार्यक्रम लागू गरिने छ ।

२७.८ संगठन संरचना तथा दरवन्दी अनुसार रिक्त रहेका स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा लिखित रुपमा माग गरिनेछ । साथै आन्तरिक आय र कार्यसम्पादन मुल्यांकनको आधारमा सेवा करारको म्याद थप(नविकरण) गरिनेछ ।

२७.९ तोकिएको समयमा कार्यालयमा उपस्थित नहुने, कार्यालय प्रमुखको अनुमति नलिई कार्यालय नआउने, तोकिएको जिम्मेवारी पुरा नगर्ने, कामका ढिलासुस्ति गर्ने कर्मचारीको आचरण विपरित काम गर्ने कर्मचारीहरुलाई जिम्मेवारी हेरफेर तथा विभागीय कारवाही गर्ने ब्यवस्था मिलाईनेछ ।

**२८) जनसहभागिताबाट योजनाहरु सञ्चालन गर्दा देहायअनुसार नगद तथा जनसहभागिता अंगिकार गरिनेछ ।**

२८.१ विधालय तथा मठमन्दिर गुम्बा धार्मिक योजनाको कार्यमा ५ प्रतिशत लागत सहभागिता

२८.२ अन्य योजनाको हकमा १० प्रतिशत लागत सहभागिता ।

अब म स्थानीय सरकार संचालन एन दफा ७१ मा उल्लेखित व्यवस्था बमोजिम आगामी आर्थिक बर्ष २०८३/०८४ को अनुमानित आय र व्ययको बिवरण यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

यस शिवसताक्षीको नगरपालिकाको आगामी आ.व.को विकास निर्माणका लागि कुल रु. ९४,८७,५६,०००।- (अक्षेरुपी चौरानब्बे करोड सतासी लाख छप्पन हजार रुपैंया मात्र ) को बजेट पेश गरेको छु । जसमध्ये संघ र प्रदेश शशर्त कार्यक्रमका तर्फ रु ४८,५८,८६,०००।- (अक्षरुपी अड्चालिस करोड अनठाउन्न लाख छियासी हजार मात्र), नगर योजना, बिषयगत शाखा तथा वडागत योजनाका लागि एकमुष्ठ रु. २७,७०,००,०००।- (अक्षरुपी सत्ताईस करोड सत्तरी लाख मात्र) र प्रशासनिक खर्चका लागि रु. १८,५९,००,०००।- (अक्षरुपी अठार करोड उन्साट्टि लाख मात्र) विनियोजन गरेको छु ।जस मध्ये कुल बजेट रकमको पुँजिगत खर्च तर्फ ३१.५ प्रतिशत र चालु खर्च तर्फ ६८.५ प्रतिशत विनियोजन गरेको छु ।

सामाजिक सुरक्षा तथा संरक्षण भत्ताका लागि छुट्टै रु ४०,००,००,०००।००।- (अक्षरुपी चालिस करोड मात्र) विनियोजन गरेको छु ।

| प्रास्तवित आय विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | राजश्व संकेत | आय शिर्षक | आ.व.२०८२/८३ को संसोधित अनुमान | आ.व.२०८२/८३ को जेठ मसान्त सम्मको यथार्थ | आ.व.२०८३/८४ को प्रस्तावित अनुमान |
| १ | **आन्तरीक आम्दानी** | | | | |
| १.१ | ११३१३ | सम्पती कर | १२,०००,०००।०० | ११,५७१,५६५।४२ | १२,९००,०००।०० |
| १.२ | ११३१४ | भूमिकर /मालपोत | १,५००,०००।०० | ४६७,०३७।७६ | १,५००,०००।०० |
| १.३ | ११३१७ | वहाल कर | ३,५००,०००।०० | ३,०५५,२३७।५८ | ३,६७५,०००।०० |
| १.४ | ११३१८ | वहाल विटौरी कर | २,२००,०००।०० | ( | २,२००,०००।०० |
| १.५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | १००,०००।०० | ६८,०००।०० | ५०,०००।०० |
| १.६ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | १००,०००।०० | ६०,२०५।०० | ५००,०००।०० |
| १.७ | ११४७९ | अन्य मनोरञ्जन कर | १००,०००।०० | ( | ५०,०००।०० |
| १.८ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २०,५००।०० | ( | २२,०००।०० |
| १.९ | ११६३२ | अखेटोपहारमा लाग्रे कर | ३००,०००।०० | ( | ३१५,०००।०० |
| १.१० | ११६९१ | अन्य कर | ७५०,०००।०० | ४५३,२२५।०० | ५००,०००।०० |
| १.११ | १४१२२ | व्यापारिक निकायबाट प्राप्त लाभांश | १०,०००।०० | ( | १०,०००।०० |
| १.१२ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | २,०००,०००।०० | १,३८८,१२४।५० | ८००,०००।०० |
| १.१३ | १४१९१ | पर्यटन शुल्क | १००,०००।०० | ( | १००,०००।०० |
| १.१४ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ३०,०००।०० | ( | ३००,०००।०० |
| १.१५ | १४२१८ | विघुत सेवा शुल्क | ३०,०००।०० | १८,२९०।०० | ३०,०००।०० |
| १.१६ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | २,०५०,०००।०० | १,५२७,६८४।०० | ५००,०००।०० |
| १.१७ | १४२२१ | न्यायिक दस्तूर | २५,०००।०० | २१,४००।०० | २१,०००।०० |
| १.१८ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | १५०,०००।०० | ३१३,६००।०० | ५०,०००।०० |
| १.१९ | १४२२४ | परीक्षा शुल्क | ३००,०००।०० | ३,५००।०० | ९,५००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १.२० | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १,०००,०००।०० | ७८८,२४०।०० | १,०५०,०००।०० |
| १.२१ | १४२४१ | पार्किङ्ग शुल्क | १,५००।०० | ( | १,५००।०० |
| १.२२ | १४२४२ | नक्सापास दस्तुर | ३,५००,०००।०० | २,४५७,०३८।२४ | ३,६७५,०००।०० |
| १.२३ | १४२४३ | सिफारिश दस्तुर | ७,०००,०००।०० | ४,७९०,४८६।१५ | ९,०००,०००।०० |
| १.२४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २,५००,०००।०० | २,०८४,७५१।०० | २,६२५,०००।०० |
| १.२५ | १४२४५ | नाता प्रमाणित दस्तुर | ६००,०००।०० | ३३२,५००।०० | ६३०,०००।०० |
| १.२६ | १४२४९ | अन्य दस्तुर | ३,५००,०००।०० | २,६५२,९९७।०० | २,५००,०००।०० |
| १.२७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५००,०००।०० | ४३,१३०।०० | ५२५,०००।०० |
| १.२८ | १४२५४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ७,०००।०० | ( | १,०००।०० |
| १.२९ | १४२६५ | अन्य क्षेत्रको आय | ३००,०००।०० | ( | ३००,०००।०० |
| १.३० | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | १०,०००।०० | ( | १०,०००।०० |
| १.३१ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १५०,०००।०० | २०८,०४६।३० | १५०,०००।०० |
| १.३२ | १४३१३ | धरौटी सदरस्याहा | ४००,०००।०० | १५०,०००।०० | ४००,०००।०० |
| १.३३ | १४५११ | बिमा दावि प्राप्ति | ( | ( | ४,४००,०००।०० |
| १.३४ | १४५२९ | अन्य राजस्व | ८,४४८,०५८।९१ | ७,५७३,९२७।५० | १,४००,०००।०० |
| १.३५ | १४६११ | व्यवसाय कर | २,२००,०००।०० | २,४०३,१६६।०० | २,९००,०००।०० |
| १.३६ | १५१११ | बेरूजू | ८,५००,०००।०० | ८,५४४,४०९।८० | १,५००,०००।०० |
| १.३७ | | बैंक मौज्दात | ५९,४१८,०९१।०९ | ५९,४१८,०९१।०९ | २५,११०,०८८।०० |
| | | १. जम्मा | १२३,३००,१५०।०० | ११०,३९४,६५२।३४ | ७९,७१०,०८८।०० |
| २ | | **जन सहभागिता/लागत सहभागिता** | | | |
| २.१ | | जन सहभागिता/लागत सहभागिता | १०,०००,०००।०० | ४,८२६,७९२।७५ | १०,०००,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २. जम्मा | १०,०००,०००।०० | ४,८२६,७९२।७५ | १०,०००,०००।०० |
| ३ | | बाँडफाँडबाट प्राप्त | | | |
| ३.१ | ११३१५ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | २०,१५०,०००।०० | १४,२१४,७३५।४० | २०,०००,०००।०० |
| ३.२ | १४१५७ | दहत्तर बहत्तर बिक्रिबाट प्राप्त हुँने आय | ( | २,६१२,६५८।०० | २,५२६,०००।०० |
| ३.३ | १४५११ | स्वास्थ्य विमा | ४,०००,०००।०० | २,४५३,०७७।०० | २,०००,०००।०० |
| | | ३. जम्मा | २४,१५०,०००।०० | १९,२८०,४७०।४० | २४,५२६,०००।०० |
| ४ | | संघिय सरकार | | | |
| ४.१ | १३३११ | वित्तिय समानिकरण | १७१,६००,०००।०० | १५६,९२८,२००।०० | १७४,४००,०००।०० |
| ४.२ | १३३१७ | समपुरक अनुदान | २८,१००,०००।०० | १४,८६०,७८४।०० | २५,९००,०००।०० |
| ४.३ | १३३१२ | शसर्त अनुदान | ४२२,५४०,०००।०० | ४२२,४८०,०००।०० | ३९८,१००,०००।०० |
| ४.४ | १३३१४ | विषेश अनुदान | ६,९००,०००।०० | ३,०४३,३५५।०० | ३३,०००,०००।०० |
| ४.५ | ११४११ | राजश्व बाँडफाँड | १४५,१३६,३४४।०० | ११८,१९६,०५०।६० | १४३,५७४,०००।०० |
| ४.६ | १४१५३ | बाँडफाँड भइ प्राप्त रोयल्टी | १४,९०६।५१ | १४,९०६।५१ | ( |
| ४.७ | १३३१८ | PLGSP Program | ४५०,०००।०० | २४०,६९२।३१ | ( |
| ४.८ | १३३१९ | सडक बोर्ड नेपाल | ( | ( | ( |
| ४.९ | १३३१८ | अपाङ्गता रोकथाम तथा पुन स्थापना कार्यक्रम (करुणा फाउन्डेशन) | २,७०२,०००।०० | १,८९२,४००।०० | ( |
| | | ४. जम्मा | ७७७,४४३,२५०।५१ | ७१७,६५६,३८८।४२ | ७७४,९७४,०००।०० |
| ५ | | अन्तर सरकारी अख्तियारी | | | |
| ५.१ | १३३१८ | सामाजिक सुरक्षा तथा संरक्षण | ४००,०००,०००।०० | २७०,५४५,४५१।०० | ४००,०००,०००।०० |
| ५.३ | २२५२२ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ( | ( | ( |
| | | ५. जम्मा | ४००,०००,०००।०० | २७०,५४५,४५१।०० | ४००,०००,०००।०० |
| ६ | | प्रदेश सरकार | | | |
| ६.१ | १३३११ | वित्तिय समानिकरण | १६,४६६,०००।०० | १६,४६६,०००।०० | १६,४७४,०००।०० |
| ६.२ | १३३१७ | समपुरक अनुदान | ८,०००,०००।०० | ८,०००,०००।०० | ८,०००,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.३ | १३३१२ | शसर्त अनुदान | १९,०२७,०००।०० | ९,५५१,३१८।०० | २०,८५६,०००।०० |
| ६.४ | ११४५६ | सवारी साधन कर बाँडफाँड | १२,७१३,०००।०० | १०,५२६,६१३।२६ | १४,२१५,९१२।०० |
| ६. जम्मा | | | ५६,२०६,०००।०० | ४४,५४३,९३१।२६ | ५९,५४५,९१२।०० |
| **उप जम्मा (अन्तर सरकारी अख्तियारी बाहेक)** | | | **९९१,०९९,४००।५१** | **८९६,७०२,२३५।१७** | **९४८,७५६,०००।००** |
| **कुल जम्मा** | | | १,३९१,०९९,४००।५१ | १,१६७,२४७,६८६।१७ | १,३४८,७५६,०००।०० |
| **अक्षरुपी एक अर्ब चौतिस करोड सतासी लाख छप्पन्न हजार रुपैंया मात्र ।** | | | | | |

# अनुसुचि २

## संघ प्रदेश र स्थानिय तहको श्रोत मार्फत संचित कोष मार्फत हुने व्यय अनुमान

| क्र. सं. | शाखा/योजना तथा कार्यक्रम | शसर्त/बिशेष अनुदान | समपुरक संघ | समपुरक प्रदेश | निःशर्त/आन्तरिक श्रोत | जम्मा | प्रतिसत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगर स्तरीय योजना तथा कार्याक्रमहरु | | | | १६०,३००,०००।०० | १६०,३००,०००।०० | १६।९० | |
| २ | वडा स्तरीय योजना तथा कार्याक्रमहरु | | | | ७०,०००,०००।०० | ७०,०००,०००।०० | ७।३८ | |
| ३ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | | | | १८५,९००,०००।०० | १८५,९००,०००।०० | १९।५९ | |
| ४ | संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम | ४३१,१००,०००।०० | २५,९००,०००।०० | | | ४५७,०००,०००।०० | ४८।१७ | |
| ५ | प्रदेश शसर्त कार्यक्रम | २०,८५६,०००।०० | | ८,०००,०००।०० | | २८,८५६,०००।०० | ३।०४ | |
| ६ | कृषि विकास | | | | ६,५००,०००।०० | ६,५००,०००।०० | ०।६९ | |
| ७ | पशु सेवा विकास | | | | ५,०००,०००।०० | ५,०००,०००।०० | ०।५३ | |
| ८ | स्वास्थ्य सेवा | | | | ७,५००,०००।०० | ७,५००,०००।०० | ०।७९ | |
| ९ | सहकारी तथा उद्यम विकास शाखा | | | | ५००,०००।०० | ५००,०००।०० | ०।०५ | |
| १० | महिला तथा वालवालिका तथा जेष्ठ नागरिक शाखा | | | | २,०००,०००।०० | २,०००,०००।०० | ०।२१ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | सामाजिक विकास शाखा | | | | ३,०००,०००।०० | ३,०००,०००।०० | ०।३२ | |
| १२ | आयुर्वेद सेवा | | | | २,०००,०००।०० | २,०००,०००।०० | ०।२१ | |
| १३ | शिक्षा युवा तथा खेलकुद | | | | १५,५००,०००।०० | १५,५००,०००।०० | १।६३ | |
| १४ | श्रम तथा रोजगार विकास शाखा | | | | ६००,०००।०० | ६००,०००।०० | ०।०६ | |
| १५ | तथ्याङ्क प्रणाली /पञ्जिकरण शाखा | | | | १,०००,०००।०० | १,०००,०००।०० | ०।११ | |
| १७ | राजश्व शाखा | | | | ५००,०००।०० | ५००,०००।०० | ०।०५ | |
| १८ | सुचना प्रविधि शाखा | | | | २,०००,०००।०० | २,०००,०००।०० | ०।२१ | |
| १९ | आन्तरिक लेखा परिक्षण शाखा | | | | ६००,०००।०० | ६००,०००।०० | ०।०६ | |
| **जम्मा** | | ४५१,९५६,०००।०० | २५,९००,०००।०० | ८,०००,०००।०० | ४६२,९००,०००।०० | ९४८,७५६,०००।०० | १००।०० | |

अनुसुचि ३

# कार्यालय संचालन तथा प्रशासनिक खर्च

## क. चालु खर्च

| क्र. सं. | खर्च संकेत | खर्च व्याहोर्ने स्रोत | अनुदान को प्रकार | खर्च शिर्षक | जम्मा बार्षिक बजेट |
|---|---|---|---|---|---|
| १. | कर्मचारी पारिश्रमिक र सुविधा | | | | |
| १.१ | २११११ | संघीय राजश्व बाँडफाँड | नगद | पारिश्रमिक कर्मचारी | १५,७८४,०८८।०० |
| १.२ | २११११ | प्रदेश सवारी कर बाँडफाँड | नगद | पारिश्रमिक कर्मचारी | १४,२१५,९१२।०० |
| १.३ | २११२१ | संघीय राजश्व बाँडफाँड | नगद | कर्मचारी पोषाक खर्च | १,६००,०००।०० |
